"जलश्रोत, पर्यटन र जडिबुटीले समुन्नत विगु गाउँपालिका"

स्थानीय सरकार

# विगु गाउँपालिका

[illegible]

## गाउँ कार्यपालिकाको कार्यालय

फोन नं: ०४९-४१०१०९
www.bigumun.gov.np
info@bigumun.gov.np,
bigumun@gmail.com

लादुक, दोलखा
बागमती प्रदेश, नेपाल

विगु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लादुक, दोलखा
बागमती प्रदेश, नेपाल
२०७३

पत्र संख्याः- २०८२/०८३
च.नं.:-

मिति:-२०८३।०४।०७

**विषय : दक्षिण कोरियाबाट फर्केका उद्यमीहरूका लागि "RIN Cohort III" कार्यक्रममा आवेदन पेस गर्ने सम्बन्धी सूचना !!!**

नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको च.नं. ६, मिति २०८३/०४/०५ को पत्रानुसार कोइका (KOICA) को **K-HaMi परियोजना** अन्तर्गत सञ्चालित **Returnee Innovators for Nepal (RIN) Cohort III** कार्यक्रमका लागि विगु गाउँपालिका क्षेत्रभित्र बसोबास गर्ने इच्छुक र योग्य लाभग्राहीहरूबाट मिति २०८३ साल श्रावण १३ गते (29 July, 2026) सम्म परियोजनाको आधिकारिक लिंक https://rinnepal.org/rin/ मार्फत आवेदन पेस गर्न आव्हान गरिन्छ।

दक्षिण कोरियामा **EPS** मार्फत रोजगारी गरी स्वदेश फर्केका नेपाली नागरिकहरूको उद्यमशीलता विकास र व्यवसायिक सुदृढीकरणका लागि परियोजनाले यो कार्यक्रम सञ्चालन गर्न लागेको हो।

**१. कार्यक्रमले प्रदान गर्ने मुख्य सुविधाहरू:**

- निःशुल्क उद्यमशीलता विकास बुटक्याम्प, व्यवसाय संवर्द्धन र मेन्टरसिप (मार्गदर्शन)।
- व्यवसाय विशेषज्ञहरूबाट परामर्श र नेटवर्किङको अवसर।
- **ADBL** मार्फत **KOICA K-HaMi Loan (सहुलियतपूर्ण कर्जा)** का लागि सिफारिस।
- प्रमाणपत्र, नगद पुरस्कार र सिड फण्डिङ (बीउ पूँजी) प्राप्त गर्ने अवसर ।

**२. आवेदनका लागि योग्यता र सर्तहरू:**

- इपिएस (EPS) अन्तर्गत दक्षिण कोरियाबाट फर्केका नेपाली नागरिक हुनुपर्ने ।
- ५ महिनाको कार्यक्रम (भौतिक वा भर्चुअल) मा पूर्ण सहभागी हुन प्रतिबद्ध हुनुपर्ने।
- **प्रारम्भिक चरण (Start Track):** नयाँ व्यावसायिक योजना भएका वा व्यवसाय सञ्चालन भएको ३ वर्ष नपुगेका ।
- **वृद्धि चरण (Growth Track):** ३ वर्ष वा सोभन्दा बढी समयदेखि सञ्चालनमा रहेका र व्यवसाय विस्तार गर्न चाहने योग्य लाभग्राहीहरु।

**३. आवेदन दिने प्रक्रिया र अन्तिम मितिः**

- **अनलाइन आवेदन दिने लिङ्कः** https://rinnepal.org/rin/ ।
- **आवेदन दिने अन्तिम मितिः** सन् २०२६ जुलाई २९ (**बि.सं. २०८३ साउन १३ गते**) सम्म।

**४. थप जानकारीका लागिः** यो कार्यक्रममा सहभागी हुन इच्छुक र योग्य लाभग्राहीहरुले आवश्यक प्राविधिक सहयोग वा जानकारीका लागि यस विगु गाउँपालिकाको **रोजगार, सीप तथा उद्यमशीलता केन्द्रमा** सम्पर्क राख्न समेत सूचित गरिन्छ।

..............................

**गोमा कुमारी आले**
**नि.प्रमुख प्रशासकीय अधिकृत**

नि.प्रमुख प्रशासकीय अधिकृत